# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २४ गते २०३१ साल

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

यस विभागमा रिक्त रहेको सह–सचिव पदमा निजामती सेवा नियमावली (संशोधन सहित), २०२१ को नियम ८.२ (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागको रेखदेख दौडाहाका उप–सचिव श्री प्रतापसिंह वस्न्यातलाई मिति ०३०।४।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–

विष्णुप्रसाद खनाल

श्री ५ को सरकारको सचिव

223



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

प्रशासन व्यवस्था विभागका सह–सचिव श्री तीर्थनाथ अधिकारी का.मु. सचिव भई खाली हुन आएको सह–सचिव पदमा उहाँ सो पदमा नफर्केसम्मको लागि निजामती सेवा नियमावली (संशोधन सहित), २०२१ को नियम ८.२ (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागका उप–सचिव श्री मुक्तिबहादुर मानन्धरलाई मिति ०३०।६।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
तीर्थनाथ अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

---

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

प्रशासन व्यवस्था विभागका उप–सचिव श्री मुक्तिबहादुर मानन्धर कायम मुकायम सह–सचिव भई खाली हुन आएको उप–सचिव पदमा उहाँ आफ्नो पदमा नफर्केसम्मको लागि निजामती सेवा नियमावली (संशोधन सहित), २०२१ को नियम ८.२ (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले सोही विभागका शाखा अधिकृत श्री मोहनभक्त श्रेष्ठलाई मिति ०३०।६।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
तीर्थनाथ अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

228

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।